नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१०३ दायर मितिः-२०८१/०५/२६**

**फैसला मितिः-२०८१/०६/१४**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **अजिमा खातुनको जाहेरीले** | **जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१३ बस्ने अनवर मियाँ असारीको** |
| **नेपाल सरकार.........................१** | **श्रीमती बर्ष ४५ की अफसाना खातुन........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाका साक्षस तथ्य एव ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सहिम अंसारी समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादी अफसाना खातुनले ईन्कारी बयान गरेतापनि मेरो पती बैदेशिक रोजगारको शिलसिलामा बिदेश दुवईमा रहनु भएकोले म जाहेरवाली घरमा रहदा बस्दा बिपक्षी सासु अफसाना खातुनले बारम्वार कुटपिट र गाली गलौज गर्ने, सभ्य व्यवहार नगर्ने, डरधाक देखाई त्रासपुर्ण व्यवहार गरी घरबाट निस्की जान दवाव दिई शारीरिक तथा मानसिक यातना दिई घर निकाला गरेकोले ४ महिना पहिलादेखि माईतीको संरक्षणमा बसी आएकोमा मिति २०८१।०५।१४ गते दिउँसो अ.१२ः३० बजेको समयमा घरमा आउँदा बिपक्षीले घरमा प्रवेश गर्न नदिई घर अगाडी सडकमा अश्लिलशव्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अफसाना खातुनलाई कैद दिन ९, जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र र क्षतिपूर्ती शुल्क रु.४००/- ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अफसाना खातुनलाई ठहरेको कैद दिन ९ को हकमा निज मिति २०८१/०५/१८ देखि २०८१/०५/२६ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.६२/२०८१/०५/२७ दाखिला गरेको धरौटी रकम रु.१०४००/- बाट जरिवाना रकम रु.१००००/- र क्षतिपूर्ती शुल्क रु.४००/- कट्टी गर्नु ---------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असोज महिना १४ गते सोमवार रोज २/ ने.सं. ११४४ ञंलागा त्रयोदशी, शुभम् ........